# समाज कल्याण परिषद्

## वैदेशिक सहयोग स्वीकृति सम्वन्धि

## निर्देशिका

## २०७१

**समाज सेवा भवन**

लेखनाथ मार्ग, लैनचौर, काठमाण्डौ

फोन नं. ४४१८८४६, ४४१८१११

Email: info@swc.org.np

Website:- www.swc.org.np, swcnepal.org.np

© प्रथम संशोधनवाट थप २०७३)

€ चौथो संशोधन २०७७ बाट थप

¥ चौथो संशोधन २०७७

(परिषद् वोर्डको स्वीकृति मिति २०७१।१२।२७)

# समाज कल्याण परिषद्

## वैदेशिक सहयोग स्वीकृत सम्बन्धि निर्देशिका - २०७१

## (चौथो संशोधन-२०७७)

**प्रस्तावना :**

सामाजिक गैर सरकारी संस्थाहरुलाई व्यवस्थित गरी परिचालन गर्ने तथा समाज कल्याण कार्यलाई प्रभावकारी, पारदर्शी र जवाफदेही बनाई तथ्याङ्क अद्यावधिक गर्ने गराउने दायित्व समाज कल्याण ऐन २०४९ बमोजिम समाज कल्याण परिषद्लाई रहेको छ । समाज कल्याण ऐन २०४९ को दफा १६ मा कुनै पनि गैर सरकारी सामाजिक संघ संस्थाले नेपाल सरकार वा विदेशी सरकार, अन्तर्राष्ट्रिय सामाजिक संघ संस्था वा नियोग वा व्यक्तिबाट बस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोग प्राप्त गरी कार्यक्रम संचालन गर्नु पर्दा समाज कल्याण परिषद्को स्वीकृति लिनु पर्ने कानूनी प्रावधान रहेको छ । यसर्थ समाज कल्याण कार्य तथा समाज सेवा संग सम्बन्धित विकाश निर्माण जस्ता कृयाकलापहरुलाई अझ प्रभावकारी, पारदर्शी, जवाफदेही र समाज कल्याण कार्यमा अभिप्रेरित गर्ने र वैदेशिक सहयोग स्वीकृतिको लागि आउने संघ संस्थाको तथ्याङ्क अद्यावधिक गरी कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, जवाफदेही र परिषद्वाट प्रदान गरिने सेवालाई चुस्त बनाउन वाञ्छनीय भएकोले यो निर्देशिका तयार गरी जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१.१. यो “निर्देशिका” को नाम वैदेशिक सहयोग स्वीकृति सम्वन्धि निर्देशिका २०७१ रहेको छ ।

१.२. यो निर्देशिका स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

२.१. **“निर्देशिका”** भन्नाले वैदेशिक सहयोग स्वीकृति सम्वन्धि निर्देशिका २०७१ सम्झनु पर्दछ ।

२.२. **“स्वीकृति”** भन्नाले समाज कल्याण ऐन २०४९ को दफा १६ बमोजिम प्राप्त हुने सहयोगको स्वीकृति सम्झनु पर्दछ ।

२.३. **“परिषद्”** भन्नाले समाज कल्याण ऐन २०४९ को दफा ५ बमोजिम स्थापित तथा गठित परिषद् सम्झनु पर्दछ ।

२.४. **“समिति”** भन्नाले समाज कल्याण ऐन २०४९ को दफा १० बमोजिम गठित कार्य संचालन समितिलाई सम्झनु पर्दछ ।

२.५. **“वैदेशिक सहयोग”** भन्नाले नेपालमा कार्यरत विदेशी संस्था/कोष वा विदेशी सरकार, अन्तर्राष्ट्रिय समाजिक संघ संस्था वा नियोग वा व्यक्तिबाट वस्तुगत, प्राविधिक, आर्थिक वा अन्य कुनै किसिमको सहयोगलाई सम्झनु पर्दछ ।

२.६. **“आबद्धता”** भन्नाले समाज कल्याण ऐन २०४९ बमोजि परिषद्मा आबद्ध सामाजिक संघ संस्थालाई सम्झनु पर्दछ ।

२.७. **“संघ संस्था”** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका मूनाफा बितरण नगर्ने संस्था सम्झनु पर्दछ ।

© प्रथम संशोधनवाट थप २०७३)

€ चौथो संशोधन २०७७ बाट थप

¥ चौथो संशोधन २०७७

२.८. **"स्थानीय निकाय"** भन्नाले गा.वि.स./जि.वि.स. र नेपाल सरकारका विभिन्न मन्त्रालयका जिल्ला स्थित कार्यालय सम्झनु पर्दछ।

२.९. **"उप समिति"** भन्नाले समाज कल्याण ऐनको दफा ११ बमोजिम गठीत कार्य संचालन समितिबाट गठन गरिएको उप समितिलाई सम्झनु पर्दछ।

२.१०. **"सदस्य-सचिव"** भन्नाले समाज कल्याण ऐन २०४९ को दफा ५ बमोजिम नेपाल सरकारद्वारा मनोनीत ब्यक्ति सम्झनु पर्दछ।

## ३. उद्देश्य :

३.१. गैर सरकारी सामाजिक संघ संस्थाहरुले वैदेशिक सहायता लिई कार्यक्रम/परियोजना संचालन गर्नु पूर्व समाज कल्याण परिषद्को स्वीकृति लिनु पर्ने कानूनी प्रावधान तथा स्वीकृति सम्बन्धी प्रकृयाका बारे सूचना प्रवाह गर्ने।

३.२. स्वीकृति सम्बन्धी परियाजना प्रस्तावको ढाँचा तथा संलग्न गर्नु पर्ने कागजात बारे स्पष्टता ल्याउने।

३.३. एकद्वार प्रणाली अनुरुप गैर सरकारी संघ संस्था परिचालनमा सहयोग गर्ने।

३.४. वैदेशिक सहयोगमा संचालित कार्यक्रम/परियोजनालाई प्रभावकारी, पारदर्शी, जवाफदेही र तथ्याङ्क अद्यावधिक गर्ने।

३.५. नेपाल सरकार, स्थानीय सम्बन्धित निकाय, समाज कल्याण परिषद् तथा सामाजिक संघ संस्थाहरु वीच सहयोग र समन्वय गर्ने।

३.६. दातृ संस्था एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुमा कानूनी प्रकृया बारे जानकारी गराई सहयोग गर्ने।

## ४. कार्यक्रम स्वीकृतिका लागि आवश्यक विवरण /कागजात

४.१ संघ संस्थाहरुले परियोजना शुरु गर्ने मितिले घटीमा ४५ दिन अगाडि आवश्यक कागजात सहित कार्यक्रम प्रस्ताव पेश गर्नु पर्नेछ। परिषद् कार्यालयबाट स्वीकृति प्राप्त भएपछि परियोजना संचालन गर्नुपर्ने छ।¥

### ४.२. विस्तृत परियोजना प्रस्ताव

क) वैदेशिक सहयोगमा संचालन गरिने कार्यक्रम/परियोजनाको विस्तृत बिवरण सहितको परियोजना प्रस्ताव परिषद्ले तोकेको ढाँचामा हुनु पर्ने। (ढाँचा अनुसूची १ मा संलग्न छ)

ख) कार्यक्रमरपरियोजना सम्बन्धी संक्षिप्त विवरणको ढाँचा परिषद्ले तोके वमोजिम हुनेछ।¥

ग) परियोजना तर्जुमा गर्दा कम्तिमा ६०% ठोस निर्माण (ज्बचमधबचभ) प्रकृतिका कार्य गर्नु पर्नेछ। तर अधिकारमुखी, अध्ययन, अनुसन्धान, मानवअधिकार, सचेतनाका कार्यक्रम र परियोजनाका हकमा ठोस निर्माण (ज्बचमधबचभ) को नियम लागु हुने छैन। शान्ति तथा सुरक्षा सम्बन्धी परियोजनाको हकमा सम्बन्धित मन्त्रालय/निकायको सिफारिश पेश गर्नु पर्नेछ। विशेष परिस्थितिमा परिषद् कार्यालयबाटै स्वीकृत गर्न सकिनेछ।¥

घ) सामाजिक संघसंस्थाले वैदेशिक सहयोगमा संचालन गर्ने कार्यक्रम/परियोजना प्रस्ताव परिषद् कार्यालयमा स्वीकृतिका लागि पेश गर्दा सम्बन्धित मन्त्रालय वा निकाय वा जिल्ला समन्वय समिति वा सम्बन्धित स्थानीय तहको सिफारिश पत्र संलग्नगर्नु पर्ने छ। तर विशेष प्रकृतिका कार्यक्रमहरु,

© प्रथम संशोधनबाट थप २०७३)

€ चौथो संशोधन २०७७ बाट थप

¥ चौथो संशोधन २०७७

अनुसन्धान, सर्वेक्षण तथा प्राविधिक क्षेत्रमा सम्बन्धित विषयको केन्द्रिय निकायको सिफारिश पेश गर्नु पर्नेछ । विशेष परिस्थितिमा परिषद् कार्यालयबाटै स्वीकृत गर्न सकिनेछ ।¥

ङ) संस्थाले स्थापित जिल्ला भन्दा बाहिरी जिल्लाहरुका कार्यक्रम संचालन गर्ने भए सम्भव भएसम्म सम्वन्धित क्षेत्रमा अनुभवी स्थानीय संस्थाहरुलाई सहयोगी संस्था (Counter Part) को रुपमा राखी कार्यक्रम संचालन गनुपर्ने छ ।€

च) कार्यक्रम संचालन गर्दा एक अर्का जिल्ला वा पालिका जोडिएको हुनुपर्ने छ, अर्थात क्षेत्रगत अवधारण (Cluster Approach) अवलम्बन गर्दै जानुपर्नेछ ।€

छ) परियोजना प्रस्ताव पेश भए पछि योजना कार्यक्रम विभागले परियोजनाको थप स्पष्टताका लागि संस्थालाई प्रस्तुतीकरण गर्न लगाउन सक्नेछ ।©

४.३. **दातृ संस्था/व्यक्तिको प्रतिबद्धता/संझौता पत्र**

क) दातृ संस्था वा व्यक्तिबाट प्राप्त हुने सहयोग सम्बन्धि प्रतिबद्धता वा संझौता पत्रमा कार्यक्रम/परियोजनाको नाम, कार्यक्रम/परियोजनाको अवधि र रकम स्पष्ट रुपमा उल्लेख हुनु पर्ने ।

ख) दातृ संस्था वा व्यक्तिको पत्रमा सहयोग गर्ने निकायको स्पष्ट ठेगाना (फोन नं., फ्याक्स नं., ई-मेल ठेगाना, वेवसाईड, देशको नाम आदि) र हस्ताक्षर हुनु पर्ने ।

ग) नेपालमा विदेशी व्यक्तिबाट प्राप्त हुने सहयोगको पारदर्शी रुपमा सहयोग रकमको रसिद सम्बन्धित व्यक्तिलाई दिने र सो को अभिलेख राखी बैंक दाखिला गरी स्वीकृतिका लागि पेश गर्नु पर्ने ।

घ) विदेशी दातृ संस्था वा व्यक्तिबाट प्राप्त हुने टोकन सहयोग रकमबाट संचालन हुने कार्यक्रम/परियोजना तयार गरी ६/६ महिना वा वर्ष दिनमा स्वीकृति लिनु पर्ने ।

ङ) वस्तुगत सहयोगका हकमा विजक (Invoice) संलग्न गर्नु पर्ने ।

४.४. **संस्थागत बिवरण :**

संस्थाद्वारा कार्यक्रम/परियोजना स्वीकृतिको लागि पेश गर्दा देहाय बमोजिमको बिवरण/कागजात संलग्न गर्नु पर्ने छ ।

क) जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको प्रमाण-पत्रको नविकरण सहितको प्रतिलीपी ।

ख) परिषद्मा आबद्ध भएको प्रमाण-पत्रको प्रतिलिपी ।

ग) स्थायी लेखा नम्बर, आयकर दर्ता प्रमाण-पत्र, आयकर छुट प्रमाण-पत्र आदिको प्रतिलिपी ।

घ) संस्थाको वार्षिक लेखा परीक्षण प्रतिवेदन, प्रगति बिवरण र अन्तिम निर्वाचनको माईन्यूटको प्रतिलिपी र कार्य सम्पन्न प्रतिवेदन ।©

४.५. **कार्यक्रम/परियोजना स्वीकृतिको प्रकृया**

क) निवेदन साथ प्रकृया पुगी प्राप्त भएको कार्यक्रम/परियोजना प्रस्ताव राय सहित स्वीकृतिको लागि योजना कार्यक्रम विभागबाट प्रकृयागत रुपमा योजना तथा कार्यक्रम उप समितिमा पेश भै समितिको सिफारिस पस्चात सदस्य सचिवबाट स्विकृति हुनेछ । तर कार्यक्रम/परियोजना प्रस्ताव शरणार्थी सम्बन्धी भएमा नेपाल सरकार, गृह मन्त्रालय तथा अन्य परियोजना सम्बन्धमा परिषद् कार्यालयलाई आवश्यक लागेमा सम्बन्धित नेपाल सरकारका मन्त्रालय वा निकायहरुको राय

© प्रथम संशोधनवाट थप २०७३)
€ चौथो संशोधन २०७७ बाट थप
¥ चौथो संशोधन २०७७

सहमति लिएर मात्र स्वीकृत गरिने छ कुनै कारण बस उप समिति नरहेको वा बैठक बस्न नसक्ने अवस्थामा सदस्य सचिववाट स्वीकृती  गर्न बाधा पर्ने छैन ।©

४.६. **बालगृह संचालन :**

क) बालगृह संचालन गर्ने संघ संस्थाले नेपाल सरकारद्धारा निर्धारण गरेको मापदण्ड बमोजिम बालगृह संचालन गर्नु पर्नेछ ।

ख) बालगृह संचालन गर्ने परियोजनाको हकमा बालगृहको निरन्तरताको लागि वार्षिक बजेटको न्यूनतम ५% रकम अक्षय कोषको रुपमा मुद्दती खातामा जम्मा गर्नु पर्ने छ ।

ग) गृहमा रहेका बालबालिकाहरुको ब्यक्तिगत फाईल तयार गरी बालबालिका छनौटका आधार, प्रकृया सम्बन्धित निकायको सिफारिस, आमा बुबाको नागरिकताको प्रतिलिपी, जन्म दर्ता प्रमाण पत्र, सम्पती आदिको बिवरण राख्नु पर्ने तथा वार्षिक रुपमा त्यसको प्रगति विवरण परिषद्मा पेश गर्नु पर्ने छ ।

घ) गैरसरकारी संस्थाहरुले बालगृह संचालन सम्वन्धि कार्यक्रम परियोजना प्रस्ताव स्विकृतिका पेश गर्दा बालगृहमा आश्रित बाल बालिकाको उमेर १६ वर्ष सम्म रहँदा सम्म सनातन (स्वः) संस्कृति अनुकुल व्यवस्थापन बालगृहले गर्नु पर्नेछ ।©

ङ) गैर सरकारी संस्थाहरुले बालगृह सम्वन्धि कार्यक्रम परियोजना परिषद कार्यालयमा पेश गर्दा प्रस्तावना साथ बालगृह संचालित भवन स्पष्ट देखिने नक्सा पेश गर्नु पर्नेछ । यस्तो गृह परिवर्तन गर्नु पर्ने भए परिषद कार्यालयको अग्रिम सिफारिस लिनु पर्नेछ ।©

च) गैरसरकारी संस्थाहरुले बालगृह सम्बन्धि कार्यक्रम/परियोजना प्रस्ताव साथ अनिवार्य रुपमा राष्ट्रिय बाल अधिकार परिषद् वा स्थानीय तह सरकारको  सिफारिश पत्र संलग्न गर्नु पर्नेछ ।€

४.७. **निर्माण :**

क) निर्माण सम्बन्धी कार्यक्रम/परियोजनाको हकमा जग्गाको स्वामित्व सम्बन्धि प्रमाणित कागजात, प्राविधिकबाट तयार पारिएको नक्सा र लागत ईष्टिमेट, स्थानिय निकायको स्वीकृति पत्र संलग्न गर्नु पर्ने छ ।

ख) भवन निर्माण समिति गठन गर्दा सम्भव भए सम्म स्थानीय निकाय सहितको रोहवरमा निर्माण समिति गठन गरी सो मार्फत कार्य संचालन गर्नु पर्ने छ ।

ग) निर्माण सम्बन्धी कार्य गर्दा प्रचलित आर्थिक ऐन/नियम बमोजिम पारदर्शी रुपले गर्नु पर्ने छ ।

घ) निर्माण कार्य सम्पन्न भएपश्चात् सम्बन्धित स्थानीय तहबाट कार्य सम्पन्न भएको पत्र लिने/हस्तान्तरण गर्ने दायित्व सम्बन्धित संस्थाको हुनेछ ।€

४.८. **जग्गा/भवन खरिद :**

क) जग्गा खरिद गर्ने र सो जग्गामा भवन निर्माण गर्दा जग्गा संस्थाको स्वामित्वमा हुनु पर्ने छ ।

ख) जग्गा/भवन खरिद गर्दा कार्यक्रम/परियोजनाको हकमा जग्गा/भवन खरिद बिक्री गर्ने दुई पक्ष वीच भएको संझौता प्रति, जग्गाको लालपुर्जा, नक्सा आदि कागजात पेश गर्नु पर्ने छ ।

ग) संस्थाको स्वामित्व रहेको वा संस्थावाट खरिद गरिएको जग्गा कुनै कारण वस बिक्री गर्नु परेमा परिषद्को सिफारिसमा मात्र बिक्री गर्नु पर्ने छ ।

घ) खरिद सम्बन्धी कार्य गर्दा प्रचलित आर्थिक ऐन/नियम बमोजिम पारदर्शी रुपले गर्नु पर्ने छ ।

ङ) जग्गा/भवनखरिद गर्दा सम्बन्धित स्थानीय तहहरुको अनिवार्य सिफारिश पत्रसाथ जग्गा/भवनको उपयोग गर्ने योजना समेत पेश  गर्नु पर्नेछ ।€

© प्रथम संशोधनवाट थप २०७३)

€ चौथो संशोधन २०७७ बाट थप

¥ चौथो संशोधन २०७७

४.९. **विद्यालय तथा अस्पताल :**

संस्थाद्वारा विद्यालय एवं अस्पताल संचालन सम्बन्धी कार्यक्रम/परियोजनाको हकमा नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त अनुमति/स्वीकृति पत्र संलग्न गर्नु पर्ने छ ।

४.१०. **संघ संस्थाले पेश गर्नु पर्ने बिवरणहरु :**

क) संघ संस्थाले प्रगति बिवरण, लेखापरीक्षण प्रतिवेदन, सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा गरेको नविकरणको प्रतिलिपि पेश गर्नु पर्नेछ । वार्षिक लेखापरीक्षण प्रतिवेदनमा संस्थाको भौतिक सम्पतिको सम्परीक्षण बिवरण समेत समावेश हुनु पर्नेछ ।

ख) वैदेशिक सहयोग प्राप्त गर्ने सामाजिक संघ संस्थाले कार्यक्रम/परियोजना पिच्छे छुट्टा-छुट्टै खाता खोली कारोवार गर्नु पर्नेछ । त्यस्तो वैकिङ्ग कारोवारको बिवरण प्रत्येक वर्ष ४/४ महिनामा परिषद्मा उपलब्ध गराउनु पर्नेछ ।

४.११. **अन्य :**

क) संस्थाद्वारा संचालित कार्यक्रम/परियोजना संचालन गर्दा स्थानीय नेपाल सरकारको सम्बन्धित निकायको सहयोग र समन्वयमा गर्नु पर्ने छ ।

ख) परिषद्को स्वीकृति लिई वैदेशिक सहयोगमा कार्यक्रम/परियोजना संचालन गर्ने संघ संस्थाको परियोजनागत रुपमा अनिवार्य रुपमा अनुगमन/मूल्याङ्कन गरिने छ ।

ग) अनुगमन/मूल्याङ्कन गर्ने सम्बन्धमा अनुगमन/मूल्याङ्कन सम्बन्धि निर्देशिका बमोजिम अनुगमन/मूल्याङ्कनको लागि आवश्यक पारिश्रमिक रकम कार्यक्रम/परियोजना बजेटमै विनियोजन गर्नु पर्ने छ ।

घ) अनुगमन र मुल्याङ्कन गर्ने सन्दर्भमा अनुगमन र मुल्याङ्कन सम्वन्धी निर्देशिका बमोजिम स्वीकृती, अनुगमन र मुल्याङ्कनको लागि आवश्यक रकम कार्यक्रम/परियोजना बजेटमा नै विनियोजन गनुपर्ने छ ।¥

ङ) गैर सरकारी संस्थाहरुले परियोजना स्विकृति/अनुमोदन/सिफारिस लगायतका कार्यका लागि परिषद कार्यालयमा अभिलेख/कागजात पेश गर्दा संस्थाको आधिकारीक व्यक्तिबाट प्रमाणित गरि पेश गर्नु पर्नेछ ।©

च) कार्यक्रम/परियोजनाको कूल लागतमा ८०% कार्यक्रम लागत तथा अधिकतम २०% प्रशासनिक लागत हुनु पर्ने ।

छ) ५० लाख भन्दा बढी रकमको कार्यक्रम/परियाजनामा परिषदले तोकेको ढाँचामा लक्ष्य सहित लजिकल फ्रेमवर्क तयार गरि संलग्न गनुपर्ने छ ।(अनुसूची ३ मा ढाँचा संलग्न छ ।)¥

ज) कार्यक्रम/परियोजना अन्तर्गत खरिद गरिने सामान/उपकरण आदिको बिवरण कार्यक्रम/परियोजनामा स्पष्ट साथ उल्लेख गर्नु पर्ने तथा सामान खरिद गरे पश्चात जिन्सी दाखिला गरी परिषद्मा जानकारी गराउनु पर्ने छ ।

झ) कार्यक्रम/परियोजनाको सिलसिलामा आउने विदेशीहरुलाई प्रवेशाज्ञाको लागि सिफारिस गरिने छैन ।

ञ) संघ संस्थामा प्राप्त सहयोगबाट विदेशमा कार्यक्रम/परियोजना संचालन गर्न पाइने छैन । साथै बैदेशिक सहयोग प्राप्त गरि स्वीकृति परियोजना अन्तर्गत प्राप्त भएको रकम नेपालबाट फिर्ता लैजान पाइने छैन तर विदेशमा रकम नलैजाने गरी जोखिममा रहेको नेपाली नागरिकको उद्धार सम्वन्धी कार्य गर्न भने यस व्यवस्थाले रोकिएको मानिने छैन ।¥

© प्रथम संशोधनबाट थप २०७३)

€ चौथो संशोधन २०७७ बाट थप

¥ चौथो संशोधन २०७७

ट) संघ संस्थाले संचालित कार्यक्रम/परियोजनाको वार्षिक रुपमा सामाजिक लेखापरिक्षण गर्नु पर्नेछ ।

ठ) कुनै पनि पदाधिकारी/सदस्यहरुले दोहोरो भूमिकामा वसी जिम्मेवारी वहन गर्न पाईने छैन ।

ढ) गैरसरकारी संस्थाहरुले स्वीकृत गरेका परियोजना नेपाल सरकार अर्थ मन्त्रालयको **AMIS** मा समावेश गरी परिषद्लाई जानकारी गराउनु पर्नेछ ।€

ण) स्थानीय बजारमा संस्थाहरुले खरिद गरेका सवारी साधन पुरानो भएको, दुर्घटना भई काम नलाग्ने भएको वा संस्थाले मर्मत सम्भार गर्न नसक्ने भएको अवस्थामा बिक्री गर्नुपर्दा नियमानुसारको प्रक्रिया पुरा गरी प्राप्त हुने आम्दानी रकम संस्थागत परियोजनामा खर्च गर्नुपर्नेछ ।€

त) स्वीकृत/अनुमोदनको लागि पेश हुने परियोजना बारे आवश्यकता भएमा थप प्रष्टताको लागि संस्थालाई प्रस्तुतीकरण गराई प्रक्रियामा बढाइनेछ ।€

४.१२. **दस्तुर :**

संघ संस्थाले वैदेशिक सहयोग स्वीकृती वा बजेट सहितको म्याद थपको अनुमति लिने क्रममा परिषद्को सामाजिक संघसंस्थाको अनुगमन, सुपरिवेक्षण एवं मूल्यांकन निर्देशिका २०७१ को अनुसुची ८ मा तोकिए बमोजिमको शुल्क अग्रिम रुपमा बुझाउनु पर्नेछ । ¥

## ५. अनुमोदनः

संघ/संस्थाद्वारा वैदेशिक सहयोगमा कार्यक्रम/परियोजना सञ्चालन गर्नुपूर्व समाज कल्याण ऐन २०४९ बमोजिम स्वीकृत लिनुपर्ने प्रावधान अनुसार पूर्व स्वीकृति नलिई कार्यक्रम सञ्चालन गरेको वा संस्था नविकरण रोकिन गएको खण्डमा संस्थालाई सुध्रने मौका स्वरुप एक पटकका लागि मात्र आवश्यक विवरण लिई वैदेशिक सहयोग खर्च रकम अनुमोदन प्रक्रियामा राखी संस्थालाई सचेत गराई अनुगमन/मुल्याङकन प्रयोजनको निम्ति लाग्ने शुल्क बराबरको रकम दाखिला गराई अनुगमन/मुल्याङकन गरी अनुमोदन गरिनेछ । सोही प्रक्रिया पुनः दोहोरिन गएमा उक्त जरिवाना रकमको दोव्वर रकम जरिवाना गरि अनुमोदन गरिनेछ ।¥

(क) गैर सरकारी संस्थाहरुले परियोजना प्रस्ताव पेश गर्दा प्रत्यक्ष परोक्ष ढंगले आस्था परिवर्तन सम्वन्धि परियोजना संचालन गर्न स्विकृति दिइने छैन ।©

(ख) गैरसरकारी संस्थाहरुले परियोजना प्रस्ताव पेश गर्दा परियोजना संचालन स्थल (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँ पालिकाको नाम, वार्ड आदि) स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।€

## ६. निर्देशनको पालना :

यो निर्देशिकाको पालना गर्नु सवै संघ संस्थाको कर्तब्य हुनेछ ।

## ७. निर्णय सम्बन्धी ब्यवस्था/अधिकार :

संघ/संस्थाद्वारा वैदेशिक सहयोगमा संचालन हुने कार्यक्रम/परियोजनाको स्वीकृति दिने/नदिने सम्बन्धी अन्तिम अधिकार सदस्य-सचिवलाई हुनेछ ।

## ८. संशोधन :

यो निर्देशिका आवश्यकता अनुसार परिषद् कार्य संचालन समितिवाट संशोधन गर्न सकिने छ ।

## ९. व्याख्या :

© प्रथम संशोधनवाट थप २०७३)

€ चौथो संशोधन २०७७ बाट थप

¥ चौथो संशोधन २०७७

यो निर्देशिका कार्यान्वयन गर्ने क्रममा कुनै दुविधा भएमा कार्य संचालन समितिले व्याख्या गरे वमोजिम हुनेछ ।

**१०. वाधा अड्काउ फुकाउनेः**

यस निर्देशिकाको कुनै प्रावधान स्पष्ट नभएका वा अपूर्ण भएको कारणले काम कारवाहीमा वाधा अड्काउ भएमा त्यस्तो वाधा अड्काउ फुकाउने अधिकार परिषद् कार्य संचालन समितिमा निहित रहनेछ

**११. खारेजी बचाउः**

यो निर्देशिकाको कुनै दफाहरु समाज कल्याण ऐन/नियम तथा नेपाल सरकारको कुनै ऐन/नियम संग बाझिन गएमा बाँझिएको हदसम्म स्वतः निष्कृय भएको मानिने छ ।

© प्रथम संशोधनवाट थप २०७३)
€ चौथो संशोधन २०७७ बाट थप
¥ चौथो संशोधन २०७७